बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# आयुर्वेद तथा वैकल्पिक चिकित्सालय

दोलखा, नेपाल

## करार सेवामा लिने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८१/०४/१८**

यस चिकित्सालयको स्वीकृत दरबन्दीमा लोक सेवा आयोगबाट पदपूर्तिका लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई/सरुवा भई आएमा वा अन्य व्यवस्था भएमा स्वतः नरहने गरी देहाय बमोजिमको पदमा स्वास्थ्यकर्मी करार तथा कार्यक्रम करार सेवामा कर्मचारी राखु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले पाँच दिनभित्र कार्यालय समय भित्र राजश्व तिरेको रसिद सहित चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८को अनुसुची २ दफा ७ (उपदफा १) संग सम्बन्धित फारम भरी दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं | माग गरिएको पद | तह | सेवा | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४-२०८१/०८२ | वैद्य | ४ | करार | १ | स्थायी दरबन्दी करार |
| २ | ५-२०८१/०८२ | अभियानकर्ता | - | करार | १ | कार्यक्रम करार |
| ३ | ६-२०८१/०८२ | अभ्यंगकर्ता | - | करार | २ | कार्यक्रम करार (१ महिला/ १ पुरुष) |

देहायः

१. योग्यता र अनुभवः

क. नेपाली नागरिक,

ख. १८ बर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको,

ग. शैक्षिक योग्यता-वैद्य र अभियानकर्ताको लागि आयुर्वेद चिकित्सा विषयमा कम्तिमा TSLC पास गरि सम्बन्धित काउन्सिल दर्ता तथा नविकरण भएको, अभ्यंगकर्ताका लागि प्रवेशिका परिक्षा उतिर्ण गरेको (पंचकर्म\पूर्वकर्म\अभ्यंग तालिम लिएकालाई ग्राहयता दिईने छ)। दलित, महिला, जनजाती, अपाङ्गता भएको व्यक्तिलाई प्रोत्साहन गरिने छ ।

घ. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको,

ङ. दरखास्तमा संलग्न गर्नुपर्नेः व्यक्तिगत बिवरण, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, प्रचलित कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने । दरखास्त फारम यस कार्यालयको ईमेल p3mosd.dahcdolakha@gmail.com मा समेत आवश्यक कागजात स्क्यान गरि पठाउन सकिने छ ।

च. छनोट प्रक्रियाः शैक्षिक योग्यता, अनुभव र अन्तरर्वाता ।

छ. तलब तथा सुविधा –कार्यक्रमको मार्गदर्शन अनुसार ।

२. दरखास्त फारम, र थप जानकारी यस चिकित्सालय तथा चिकित्सालयको वेवसाईट www.dahcdolakha.bagamati.gov.np बाट उपलब्ध हुनेछ ।

३.दरखास्त दस्तुरः परिक्षा दस्तुर रु. ५००/- (अक्षेरुपी रु. पाँच सय रुपैंया मात्र) । दरखास्त दस्तुर नेपाल बैंक लिमिटेडको को खाता नं २७२०२००००० १००१००००० १ मा कार्यालय कोड ३७००१२३१६३ उल्लेख गरी राजश्व शीर्षक नं १४२२४ मा जम्मा गर्नुपर्नेछ ।

४.दरखास्त दिने अन्तिम मितिः २०८१/०४/२२ गते

५.परिक्षा मिति र स्थान : २०८१/०४/२३ गते, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, दोलखा ।

६.रीत नपुगी तथा निर्धारित मिति भन्दा ढिलो पर्न गएका आवेदन उपर कारवाही हुने छैन ।

८.थप जानकारीका लागि फोन नं ०४९-४२१३०६ मा सम्पर्क गर्न सकिनेछ ।

कार्यालय प्रमुख